# नेपाल दूरसञ्चार प्राधिकरण

## जमल, काठमाडौं ।

### प्रेस विज्ञप्ति

प्रकाशित मितिः २०८०/०९/१६

मोबाइल उपकरणहरूको आयात, प्रयोग तथा विक्रि वितरणलाई थप व्यवस्थित गर्न, हराएका तथा चोरी भएका मोबाइल सेटहरूको ट्र्याक तथा ब्लक गर्न तथा प्रमाणीक मोबाइल सेटहरू पहिचान गर्न मोवाइल डिभाइस म्यानेजमेन्ट सिस्टम(MDMS) प्राधिकरणबाट सञ्चालनमा ल्याईएकोमा सो प्रणालीसंग सम्वन्धित "दूरसञ्चार प्राधिकरणमा अर्को अनियमितता : पूर्वसचिवकै हस्ताक्षर किर्ते गरेर एमडीएमएसको ठेक्का शिर्षक राखि विभिन्न माध्यमबाट प्रकाशित तथ्यहिन समाचारप्रति प्राधिकरणको ध्यान आकृष्ट भएको छ । उक्त प्रणाली खरिदको छनौटको क्रममा परेको उजुरी सम्वन्धमा खरिद विज्ञ श्री सुरेश प्रधानलाई मिति २०७६|१|१७ गते नियुक्त गरिएको र निजको Email Address: suresh.pradhan@yahoo.com मार्फत Mon, May 6, 2019, 11:14 PM मा राय तथा सुझाव प्राप्त भएको र सो वापत निजलाई कर बाहेक रु ४०,००० निजको एभरेष्ट बैंक लिमिटेड, नयाँ बानेश्वर शाखा खाता नं. ००१००५०१XXXXXX मार्फत भुक्तानी समेत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ | साथै निजको प्रतिवेदनको प्रकाशित भएको तथ्यहिन, भ्रामक तथा चरित्र हनन् गर्ने समाचारलाई प्राधिकरण खण्डन गर्दछ | साथै प्राधिकरणमा हुने काम कारबाहीबारे खबर सम्प्रेषण गर्दा प्रवक्ता तथा सहायक प्रवक्ता मार्फत सत्य तथ्य बुझी सत्य तथ्यमा आधारित भई सम्प्रेसण गरीदिनु हुन समेत सम्बन्धित सबैमा अनुरोध छ ।

सन्तोष पौडेल

प्रवक्ता